PRESS RELEASE

नेपाल प्रहरी प्रधान कार्यालय

# मानव बेचबिखन अनुसन्धान ब्यूरो

बबरमहल, काठमाण्डौं

## प्रेस विज्ञप्ति-४०

फो.नं: ०१-५३३९५६९
०१-५३४११७७

## "अढाई वर्षकी बालिका बेचबिखन गर्ने कार्यमा संलग्न एक महिला पक्राउ"

आर्थिक अवस्था कमजोर भएको मकवानपुरको एक परिवारको अढाई बर्षकी बालीका छोरीलाई उर्मीला भन्ने कल्पना विश्वकर्माले होस्टेलमा राखि पढाई पछि ठुलो मान्छे बनाई दिने प्रलोभन देखाई काठमाण्डौ स्थित आफ्नो घरमा ल्याई ४ दिन राखेपछि भारतको सिलगुडीबाट काकरभिट्टा आएकी निजकी साथीलाई निज बालिका जिम्मा दिएको सूचनाको आधारमा मकवानपुर प्रहरी, राष्ट्रिय वालबालिका खोजतलास केन्द्र तथा राष्ट्रिय वाल अधिकार परिषदको पहलमा मिति २०८१ वैशाख १० गते निज बालिकाको उद्दार भए पश्चात यस व्युरोमा दर्ता भएको मानव बेचबिखन तथा ओसारपसार मुद्दामा आरोपित कल्पना विश्वकर्मालाई यस व्युरोबाट खटीएको टोलीले खोजतलास गर्ने क्रममा भृकुटीमण्डप ईलाकाबाट मिति २०८१ बैशाख १० गतेका दिन पक्राउ गरी सम्मानित काठमाण्डौं जिल्ला अदालतबाट मानव बेचबिखन तथा ओसारपसार मुद्दामा दिन ७(सात) को म्याद थप अनुमति लिई आवश्यक थप अनुसन्धान भईरहेको।

### पक्राउ परेको अभियुक्तको विवरण :-

- **नाम**:- कल्पना विश्वकर्मा , **उपनाम**:- उर्मिला
- **उमेर**:- ४३ बर्ष।
- **स्थायी वतन**:- जिल्ला ललितपुर गोदावरी नगरपालिका वडा नं. १३।
- **अस्थायी**:- काठमाण्डौ जिल्ला जडीबुटी।

**अभियुक्तको फोटो**



### प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको कुराहरु

- पिडीतको घरको आर्थिक अवस्था दयनीय रहेको।
- पक्राउ परेकी उर्मिला भन्ने कल्पना विश्वकर्माले पिडीत बालिकाको आमा बुबालाई पटक-पटक भेटी तिमीहरूको आर्थिक अवस्था कमजोर रहेछ, बालबच्चा समेत धेरै रहेछन्, हामी तिम्रो छोरीलाई काठमाण्डौमा रहेको संस्थाको होस्टलमा राखिदिन्छौ, शिक्षा दिक्षा समेत दिलाई दिन्छौ, तिम्रो छोरी भविष्यमा डाक्टर, पाईल्ट बन्नेछिन् भनी आश्वासन दिदै मिति २०८० चैत्र महिनाको २९ गते पिडीतकै घर मकवानपुरमा लिन गएको खुल्न आएको।
- आफ्नो घर ल्याई ४ दिन राखेपछि निज बालिकालाई झापाको काकरभिट्टा सम्म पुर्याई भारतको सिलगुडी माईती घर भएकी निजको साथीलाई सुम्पिएको।
- पक्राउ प्रतिवादी कल्पना बिकले बालिकाको परिवारलाई संस्थाको तर्फबाट भनी झुक्याई रु. २० हजार आई.एम.ई गरी पठाएको खुल्न आएको।
- निज बालिकाको मिति २०८१ वैशाख १० गते उद्दार भई हाल सुरक्षित आवासगृहमा राखीएको।
- यस घटनामा संलग्न अन्य प्रतिवादीहरुको खोजतलास तथा थप अनुसन्धान कार्य भई रहेको।

**मिति:-२०८१/०१/१३ गते।**

प्रवक्ता
(ज्ञानेन्द्र प्रसाद फुयाल)
प्रहरी उपरीक्षक
सम्पर्क नं.९८५१२९२२०२